MITERI
Development Bank Limited
Banking and beyond
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
कोशी प्रदेश कार्यक्षेत्र भएको

च.नं.:001/OP/163/082-83

मिति : २०८२/०७/१३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौ ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौ ।

विषय : २०औं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैकको मिति २०८२/०७/१३ गते साँझ ५:३० बजे बसेको संचालक समितिको २६५औं वैठकको निर्णय अनुसार यस संस्थाको २०औं वार्षिक साधारण सभा मिति २०८२ मंसिर ६ गते शनिवार विहान ११.०० बजे सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरीमा बस्ने र सो प्रयोजनको लागि तपशिल बमोजिमो प्रस्ताव सहित मिति २०८२ कार्तिक २३ गते देखि २०८२ मंसिर ६ गते सम्म शेयरधनी दर्ता किताब बन्द गरिने निर्णय भएको जानकारी गराउँदछौं ।

साथै, यो सम्वन्धी सूचना मिति २०८२ कार्तिक १४ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित हुने जानकारी सहित सुचनाको एक प्रति संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल :
नगद लाभांश : हाल कायम चुक्ता पूँजी रु १,२१,७१,००,०००। (अक्षरेपी एक अर्व एक्काइस करोड एकहत्तर लाख मात्र) को १०.०० प्रतिशतले हुन आउने रकम रु रु १२,१७,१०,०००। (अक्षरेपी बाह्र करोड सत्र लाख दश हजार मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय सस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
३. श्री प्रभु क्यापीटल लिमिटेड, कमलादि, काठमाडौ ।

भवदिय

(अनन्त कुमार चापगाँई)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

Miteri Development Bank Head Office Dharan, Nepal

Head Office
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-536317, 538317
E-mail : info@miteribank.com.np
Website : www.miteribank.com.np

MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)

प्रधान कार्यालयः धरान १२, महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np, Url: www.miteribank.com.np

को

२० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१४ गते)

श्री शेयरधनी महानुभावहरु,

यस बैंकको मिति २०८२/०७/१३ गते बसेको सञ्चालक समितिको २६५ औं बैठकको निर्णयानुसार निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको २०औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्म विषयहरु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

<u>सभा हुने मिति, समय र स्थान :</u>

मिति : २०८२/०८/०६ गते

समय : बिहान ११:०० बजे ।

स्थान : सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरी

<u>छलफल तथा निर्णयको लागि निर्धारित विषय सुचिः</u>

क) सामान्य प्रस्तावहरुः

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८१/०८२ को बार्षिक प्रतिबेदन उपर छलफल गरी प्रतिबेदन पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिबेदन सहितको २०८२ असाढ मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ असाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को हरहिसाब लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले सिफारिस गरे बमोजिम शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु.१,२१,७१,००,०००।- (अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाखको १०.०० प्रतिशतले हुन आउने रकम रु.१२,१७,१०,०००।- (बाह्र करोड सत्र लाख दश हजार मात्र) बराबरको नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।
५. बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्तावहरुः

१. मितेरी डेभलपमेन्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा :
   अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धी सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अघि बढाउन संचालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।
   आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
२. नियमनकारी निकायबाट दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
३. बैंकले गत आर्थिक बर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तगत गरेको रु १ लाख भन्दा बढिको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

ग) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारीः

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई बैंकको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईएको छ । कुनै कारणबस उक्त वित्तीय विवरण नपुगेमा बैंकमा सम्पर्क राखि वित्तीय विवरण प्राप्त गर्न सक्नु हुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाएको सुचना साथै शेयर प्रमाण-पत्रको प्रतिलिपि वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमणपत्रको प्रतिलिपि वा सवारी चालक अनुमति-पत्र वा परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनेले बैंकको प्रधान कार्यालय महेन्द्रपथ, धरान-१२, सुनसरीमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराईसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुन आवश्यक छ ।
३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः बदर हुनेछ ।
४. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सी दिएमा सम्पुर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ ।
५. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
६. शेयरधनीले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।
७. सभामा भाग लिन प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको ११:०० बजेदेखी सभा समय सम्म खुल्ला रहनेछ ।
८. शेयरधनी महानुभावहरुलाई सु-सुचित गराउन सकियोस भन्ने दृष्टिकोणले केहि शेयरधनी महानुभावलाई बैंक सम्बन्धी जिज्ञाशा भए विविध बिषय अन्तर्गत त्यसको लिखित रुपमा सभा हुनु भन्दा ७ (सात) दिन अगावै बैंकको प्रधान कार्यालय महेन्द्रपथ धरान-१२ सुनसरीमा पठाउनु अनुरोध छ तर यसलाई छलफल र पारित हुन प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. **यस वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि शेयर दाखिल खारेज गर्ने कार्य मिति २०८२/०७/२३ गते देखि २०८२/०८/०६ गते सम्म बन्द रहनेछ ।**
१०. साधारण सभा तथा संचालक निर्वाचन सम्बन्धी जानकारी तथा अन्य आवश्यक जानकारीको लागि यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय महेन्द्रपथ, धरान-१२, सुनसरी फोन नं. ०२५-५३६३१७/५३८३१७ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

Miteri Development Bank Head Office Dharan, Nepal

MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट “ख” बर्गको ईजाजत प्राप्त संस्था)
महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३६३१७/५३८३१७
E-mail: info@miteribank.com.np, Url : www.miteribank.com.np

२०औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१४ गते)

श्री शेयरधनी महानुभावहरु,

यस बैंकको मिति २०८२/०७/१३ गते बसेको सञ्चालक समितिको २६५ औं बैठकको निर्णयानुसार निम्न लिखित बिषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको २०औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्म विषयहरु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२/०८/०६

समय : बिहान ११:०० बजे ।

स्थान : सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरी

छलफल तथा निर्णयको लागि निर्धारित विषय सुचि :

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८१/०८२ को बार्षिक प्रतिबेदन उपर छलफल गरी प्रतिबेदन पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिबेदन सहितको २०८२ अषाढ मसान्तको बासलात, २०८१ श्रावण १ गते देखि २०८२ अषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रबाह विवरण पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को हरहिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु १,२१,७१,००,०००। (अक्षरेपी एक अर्व एक्काइस करोड एकहत्तर लाख को १०.०० प्रतिशतले हुन आउने रकम रु १२,१७,१०,०००। (बाह्र करोड सत्र लाख दश हजार मात्र) बराबरको नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।

Miteri Development Bank
Head Office
Dharan, Nepal

५. बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनिको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालककहरुको निर्वाचन गर्ने ।

ख) बिशेष प्रस्तावहरु :

१. मितेरी डेभलपमेन्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा :

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पुर्ण प्रक्रिया अवलम्बन गरि कार्य अघि बढाउन संचालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पुर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. नियमनकारी निकायबाट दिएको निर्देशन बमोजिम बैंकको प्रबन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

३। बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तगत गरेको रु १ लाख भन्दा बढिको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

ग. विविध ।

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. सम्पुर्ण शेयरधनी महानुभावहरुलाई बैंकको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वित्तीय विवरण सहितको वार्षिक प्रतिबेदन पुस्तिका पठाईएको छ । कुनै कारणबस उक्त वित्तीय विवरण नपुगेमा बैंकमा सम्पर्क राखि वित्तीय विवरण प्राप्त गर्न सक्नु हुनेछ । सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाएको सुचना साथै शेयर प्रमाण पत्रको प्रतिलिपि वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमण-पत्रको प्रतिलिपि वा सवारी चालक अनुमति-पत्र वा परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनेले बैंकको प्रधान कार्यालय महेन्द्रपथ, धरान १२, सुनसरीमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराईसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुन आवश्यक छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः बदर हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सी दिएमा सम्पुर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ ।

Miteri Development Bank Head Office Dharan Nepal

५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

६. शेयरधनीले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।

७. सभामा भाग लिन प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको ११ बजेदेखी सभा समय सम्म खुल्ला रहनेछ ।

८. शेयरधनी महानुभावहरुलाई सु-सुचित गराउन सकियोस भन्ने दृष्टिकोणले केहि शेयरधनी महानुभावलाई बैंक सम्बन्धि जिज्ञाशा भए बिबिध बिषय अन्तर्गत त्यसको लिखित रुपमा सभा हुनु भन्दा ७ (सात) दिन अगाबै बैंकको प्रधान कार्यालय महेन्द्रपथ धरान १२ सुनसरीमा पठाउनु अनुरोध छ तर यसलाई छलफल र पारित हुन प्रस्तावको रुपमा समाबेश गरिने छैन ।

९. यस वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि शेयर दाखिल खारेज गर्ने कार्य मिति २०८२/०७/२३ गते देखि २०८२/०८/६ गते सम्म बन्द रहनेछ ।

१०. साधारण सभा तथा संचालक निर्वाचन सम्बन्धि जानकारी तथा अन्य आवश्यक जानकारीको लागि यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय महेन्द्रपथ, धरान १२, सुनसरी फोन नं. ०२५-५३६३१७/५३८३१७ मा सम्पर्क राख्न हुनु अनुरोध गरिन्छ ।

Miteri Development Bank Head Office Dharan, Nepal